# आर्थिक वर्ष २०७९/०८० को

# बजेट वक्तव्य

## जानकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

२०७९

जानकी गाउँपालिकाको दशौं गाउँसभामा

मिति २०७९ साल असार ०८ गते बुधबार

गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक

**श्री लालमति देवी कठरियाज्यूले**

प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०७९/०८० को

# बजेट वक्तव्य

## जानकी गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश,नेपाल

२०७९

# बजेट वक्तव्य

१. जानकी गाउँपालिकाको दशौं गाउँ सभा बैठकका सभाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीज्यूहरू र सञ्चारकर्मी मित्रज्यूहरूलाई मेरो व्यक्तिगत तथा गाउँपालिका परिवारको तर्फबाट हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

२. **२०७९ बैशाख ३० गते** सम्पन्न स्थानीय तहको निर्वाचनमा हामीलाई विश्वास गरी निर्वाचित गराउनु हुने सम्पूर्ण जानकी गाउँपालिकाबासी आदरणीय आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरूलाई धन्यवाद ज्ञापन गर्दै सबै प्रति आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

३. यस गाउँपालिकाको समग्र क्षेत्र तथा पक्षको विकास र सम्बृद्धिका लागि आज जानकी गाउँपालिकाको दशौं गाउँ सभामा आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्ष तथा गौरव व्यक्त गर्न चाहन्छु ।

४. यस अवसरमा नेपालमा लोकतान्त्रिक शासन व्यवस्था स्थापनाका लागि विभिन्न कालखण्डमा भएका आन्दोलनहरूमा आफ्नो अमूल्य प्राण बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरू प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु । साथै जनाधिकार र राजनीतिक परिवर्तनका लागि भएका विभिन्न आन्दोलनको क्रममा बेपत्ता भएका, घाईते र पिडित नागरिकहरूप्रति उच्च सम्मान र गहिरो सहानुभूति प्रकट गर्दछु । नेपालमा राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धि स्थापनार्थ भएका हरेक राजनीतिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तनकारी जनताप्रति हार्दिक नमन र सम्मान व्यक्त गर्दछु ।

५. अब म नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई आत्मसात गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी यस गाउँ सभामा जानकी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

अब यस गरिमामय सभा समक्ष वार्षिक योजना तथा बजेट तर्जुमाका आधार, उद्देश्य र प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु ।

६. **वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरूः-**

क) नेपालको संविधान, २०७२,

ख) स्थानीय सरकार संचालन ऐन, २०७४,

ग) स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन (परिमार्जित) २०७४,

घ) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४,

ङ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,

च) गाउँपालिकाबाट तयार पारिएका नीति, कार्यविधि, निर्देशिकाहरू,

छ) विषयगत समितिबाट आएका नीतिगत विषय एवं सिफारिसहरू,

ज) वडा समितिका प्राथमिकताका कार्यक्रमहरू,

झ) गाउँपालिकाका गौरवका, अति आवश्यक ठानिएका, क्रमागत विकास आयोजनाहरू,

ञ) विज्ञ तथा स्थानीय सरोकारवालाहरूसँगको परामर्श एवं सुझावहरू ।

७. **बजेट तथा कार्यक्रमका उद्देश्यहरूः-**

क) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु,

ख) राजश्वको श्रोतको संभाव्यता अध्ययन गरी दायरा बढाउने,

ग) पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन गरी लगानीका लागि उपयुक्त वातावरण सिर्जना गर्नु,

घ) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत, सुदृढ, स्वाधीन र समृद्ध गाउँपालिका निर्माण गर्नु ।

८. **बजेट तथा कार्यक्रमका प्राथमिकताका क्षेत्रहरूः-**

क) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास गर्न,

ख) कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास गर्न,

ग) सडक तथा पुल (झोलुङ्गे पुल), सिंचाई, भवन तथा शहरी विकास, उर्जा, लघु तथा जलविद्युत, संचार क्षेत्रको विकास, पूर्वाधार विकास गर्न,

घ) शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्द्धन गर्ने,

ङ) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरू,

च) वडाको सिफारिस आदि ।

अब म आ.व. २०७९/०८० का लागि प्रस्तुत हुने वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका प्रमुख चुनौतीहरू र सम्भावनाहरू प्रस्तुत गर्न चाहन्छु ।

**९. बजेट तथा कार्यक्रमका प्रमुख चुनौतीहरूः-**

क) जनताको विकास प्रतिको तीव्र, महत्वाकांक्षा र सिमित स्रोत साधन,

ख) राजश्व परिचालनमा कठिनाई,

ग) प्राकृतिक प्रकोप तथा विपद्,

घ) पूर्वाधारको अभाव,

ङ) युवा बेरोजगारलाई व्यवस्थापन गर्नु,

च) जनताको बढ्दो चाप र मागलाई आवश्यकता अनुसार सम्बोधन गर्नु,

**१०. बजेट तथा कार्यक्रमका प्रमुख सम्भावनाहरूः-**

क) कृषि तथा पशुपालनमा बजारीकरणको सम्भावना,

ख) राजश्वको क्षेत्र र दायरा विस्तार,

ग) आन्तरिक तथा बाह्य पर्यटन व्यवसायको सम्भावना,

घ) स्वास्थ्य सेवा, शिक्षा तथा व्यापारीक केन्द्र,

ङ) विकासमा लागत साझेदारी गर्न सकिने,

च) औद्योगिक क्षेत्र बन्न सक्ने ।

११. सिमित स्रोत साधनले असीमित माग र बढ्दो आकांक्षालाई एकैपटकमा सम्बोधन गर्न नसकिने यथार्थता एकातर्फ छ भने स्रोतको न्युनताले हामीले चाहे जस्तो विकासका कार्यहरूमा लगानी वृद्धि गर्न सकिएको छैन । यो बजेट तर्जुमा गर्दा नेपाल सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, वित्तीय समानीकरण अनुदान, समपुरक अनुदान र विशेष अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त हुने आम्दानी र गाउँपालिकाको आन्तरिक राजश्व परिचालनबाट प्राप्त हुने आम्दानी समेतको अनुमानमा

यस गाउँ सभाका सभाध्यक्ष महोदयद्धारा प्रस्तुत नीति तथा कार्यक्रमहरूलाई मध्येनजर गरी स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित हुँदै सकेसम्म गाउँपालिकाको समग्र विकासलाई सन्तुलित बनाउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरेकी छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

अब म चालु आ.व. २०७८/०७९ मा यस गाउँपालिकाको आय व्ययको संशोधित अनुमान तथा सम्पादित महत्वपूर्ण कार्यहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

**१२. चालु आ.व. २०७८/०७९ को संशोधित आय अनुमानः-**

चालु आ.व. २०७८/०७९ मा शुरू आय अनुमान **रू.७९ करोड ०३ लाख ०५ हजार** रहेकोमा संशोधित आय अनुमान **रू.८२ करोड १८ लाख ४५ हजार** रहेको छ । यसमा गत वर्षको बाँकी मौज्दात सहित आन्तरिक आय तर्फ **रू.२० करोड ३८ लाख ३५ हजार**, संघीय समानीकरण अनुदान तर्फ **रू.१५ करोड ०१ लाख**, संघीय सशर्त अनुदान तर्फ **रू.२३ करोड ८२ लाख १५ हजार**, संघीय विशेष अनुदान तर्फ **रू.२ करोड ४९ लाख**, संघीय समपुरक अनुदान तर्फ **रु.२ करोड ६३ लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रू.११ करोड ५१ लाख ४० हजार**, प्रदेश समानीकरण अनुदान तर्फ **रू.०१ करोड ०९ लाख ७४ हजार**, प्रदेश विशेष अनुदान तर्फ **रू.३० लाख**, प्रदेश समपुरक अनुदान तर्फ **रू.८१ लाख**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आय तर्फ **रू.३ करोड २६ लाख ५६ हजार** र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम अर्न्तगत **रू.८६ लाख २५ हजार** संशोधित आय अनुमान रहेको छ । यसमा संघीय सरकार शसर्त अनुदानबाट कार्यान्वयन हुने आयोजनाहरूमा रकम अपुग भई थप बजेट माग गरिएको हुँदा संशोधित आय अनुमान बढ्ने सम्भावना रहेको छ ।

त्यसै गरी एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ **रू.१५ करोड ५३ लाख २४ हजार ५ सय ४४** को अख्तियारी प्राप्त भएको छ । यसमा समेत बजेट अपुग हुने भई थप बजेट माग गरिएको हुँदा सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फको रकम बढ्ने सम्भावना रहेको छ ।

**१३. चालु आ.व. २०७८/०७९ को संशोधित व्यय अनुमानः-**

चालु आ.व. २०७८/०७९ मा शुरू व्यय अनुमान **रू.७९ करोड ०३ लाख ०५ हजार** रहेकोमा संशोधित व्यय अनुमान **रू.८२ करोड १८ लाख ४५ हजार** रहेको छ । यसमा संशोधित चालु खर्च तर्फ **रू.४३ करोड ८१ लाख २५ हजार ०२ सय ९० रूपैया ९४ पैसा** अनुमान रहेको छ भने संशोधित पुँजीगत खर्च तर्फ **रू. ३८ करोड ३७ लाख १९ हजार ०७ सय ०९ रूपैया ०६ पैसा** अनुमान रहेको छ । हालसम्मको वित्तीय प्रगती **५४ दशमलव १७** प्रतिशत रहेको छ ।

त्यसै गरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम तर्फ चालु आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिकसम्म सामाजिक सुरक्षा भत्ता वितरणमा **रू.१३ करोड ३५ लाख ४० हजार २ सय २९** खर्च भएको छ ।

**१४. चालु आ.व. २०७८/०७९ मा प्राप्त मुख्य उपलब्धीहरूः-**

कालोपत्रे सडक ६.५ किलोमिटर, सडक ग्राभेल ४० किलोमिटर, कल्भर्ट निर्माण १८ वटा, कभर्ड हल १ वटा, ३ नं. वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको छ । साथै कालोपत्रे ८ किलोमिटर, १ र ९ नं. वडा कार्यालय भवन र ६ नं. वडामा स्वास्थ्य चौकी भवन निर्माणाधिन अवस्थामा रहेका छन् । शिक्षक दरबन्दी मिलान, सामुदायिक विद्यालयहरूमा कार्यरत बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र निजी शिक्षक व्यवस्थापन, शिक्षा कार्यविधि निर्माण कार्य सम्पन्न भएको छ । स्वास्थ्य सेवामा सबैको पहुँच कायम गर्नका लागि स्वास्थ्य संस्था नभएका वडाहरु ३, ५, ६ र ७ मा आधारभूत स्वास्थ्य संस्था स्थापना तथा संचालन, ९ नं. वडामा प्रसुती केन्द्र निर्माण तथा संचालनका लागी सम्पूर्ण तयारी पुरा भएको, गाउँपालिकामा १ थान 'ख' वर्गको एम्बुलेन्स खरिद गरी एम्बुलेन्स सेवा नियमित संचालन, विद्यालय नर्सिङ कार्यक्रम ३ वटा विद्यालयबाट सुरु गरिएको छ ।

**१५. आगामी आ.व. २०७९/०८० को बजेट विनियोजनः-**

अब म आगामी आ.व. २०७९/०८० को बजेट विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) गाउँपालिका तर्फ **रु.३३ करोड ९५ लाख ९० हजार** विनियोजन गरेकी छु । जसमध्ये चालु खर्च तर्फ **रु.१९ करोड ५५ लाख ७८ हजार ०४ सय २४ रूपैया** र पुँजीगत खर्च तर्फ **रु.१४ करोड ४० लाख ११ हजार ५ सय ७६ रूपैया** रहेको छ ।

ख) बिषयगत शाखा तर्फ **रु.३ करोड ७५ हजार** विनियोजन गरेकी छु ।

ग) वडा तर्फ **रु.४ करोड १८ लाख** विनियोजन गरेकी छु ।

घ) संघीय सरकार र प्रदेश सरकार तर्फ शसर्त कार्यक्रम **रु.२८ करोड ३५ लाख** रहेको छ ।

**१६. आगामी आ.व. २०७९/०८० का मुख्य कार्यक्रमः-**

क) गाउँपालिकाका क्रमागत तथा अधुरा आयोजना सम्पन्न गर्नका लागि **रु.०६ करोड ८५ लाख ११ हजार ०५ सय ७५ रूपैया** विनियोजन गरेकी छु ।

ख) खैरीपुर देखि भोक्सी चोक जोड्ने सडक कालोपत्रेका लागि **रु.०१ करोड** विनियोजन गरेकी छु ।

ग) तिन डुड देखि मिलनचोक जगतपुर सडक कालोपत्रेका लागि **रु.०१ करोड** विनियोजन गरेकी छु ।

घ) फारलाईन सडक कालोपत्रेका लागि **रु.०१ करोड** विनियोजन गरेकी छु ।

ङ) जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माण कार्य थालनी गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्न **रु.१९ लाख** विनियोजन गरेकी छु ।

च) सिकल सेल रोग पहिचान तथा निदानका लागि शिविर संचालन गर्न **रु.२० लाख** विनियोजन गरेकी छु ।

छ) जानकी गाउँपालिकालाई सम्भाव्य विपद् जोखिम न्युनीकरणका लागि विपद् व्यवस्थापन कोषमा **रु.२० लाख** विनियोजन गरेकी छु ।

ज) संघीय सरकार, प्रदेश सरकार र विभिन्न संघसंस्थाहरूसँग लागत साझेदारीमा कार्य संचालन गर्न समपुरक कोषमा **रु.२ करोड ४० लाख** विनियोजन गरेकी छु ।

झ) सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र निजी शिक्षक व्यवस्थापनका लागि **रु.१ करोड ७५ लाख** विनियोजन गरेकी छु ।

ञ) आधारभूत तह (कक्षा १-३) मा स्थानीय थारू भाषामा शिक्षण सिकाई कार्यक्रमका लागि **रु.४० लाख** विनियोजन गरेकी छु ।

ट) कृषकहरुले लगाएको खाद्यान्न तथा तरकारी बालीको बचावट र सडक दुर्घटना न्यूनीकरण गर्न सामुदायिक छाडापशु चौपाया व्यवस्थापनका लागि **रु.२० लाख** विनियोजन गरेकी छु ।

ठ) कर्मचारीहरूलाई उत्प्रेरित गरी सेवाभाव उच्च बनाउन खाईपाई आएको साविकको १० प्रतिशत स्थानीय प्रोत्साहन भत्ताका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

अब म नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१७. आगामी आ.व. २०७९/०८० का लागि नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न **रू.६९ करोड ३० लाख** विनियोजन गरिएको छ ।

१८. आगामी आ.व. २०७९/०८० का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट **रू.०३ करोड ०९ लाख ५५ हजार** को राजश्व परिचालन हुने अनुमान गरेकी छु । त्यसै गरी संघीय समानीकरण अनुदान वापत रू.**१५ करोड ८६ लाख**, संघीय राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **रू.१३ करोड ५२ लाख ५१ हजार**, संघीय शसर्त अनुदान तर्फ रू.२४ **करोड ३० लाख**, संघीय समपुरक अनुदान वापत **रू.१ करोड ८० लाख**, संघीय विशेष अनुदानबाट **रू.०१ करोड २० लाख** आय प्राप्त हुने हुने अनुमान गरेकी छु ।

त्यसै गरी प्रदेश समानीकरण अनुदान बाट **रू.०१ करोड १५ लाख ९५ हजार**, प्रदेश राजश्व बाँडफाँटबाट प्राप्त हुने आयबाट **रू.०२ करोड ३० लाख ९९ हजार**, प्रदेश समपुरक अनुदान वापत **रू.४० लाख** र प्रदेश विशेष अनुदानबाट **रू.६५ लाख** आय प्राप्त हुने अनुमान गरेकी छु ।

चालु आ.व.को अषाढ मसान्तसम्म खर्च नभई बचत रहेको राजश्व रकम **रू.०५ करोड** हुने अनुमान गरेकी छु ।

१९. आगामी आ.व. २०७९/०८० मा कुल बजेट विनियोजन **रू.६९ करोड ३० लाख** मध्ये चालु खर्च तर्फ **रू.४५ करोड ८४ लाख ०५ हजार ५ सय १६ रूपैया ४५ पैसा** र पुँजीगत खर्च तर्फ **रू.२३ करोड ४५ लाख ९४ हजार ४ सय ८३ रूपैया ५५ पैसा** हुने अनुमान गरेकी छु ।

२०. यस गाउँपालिका अर्न्तगत संघीय सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमको एकल कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्षमा उक्त कार्यक्रमको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु ।

२१. **आगामी आ.व. २०७९/०८० को क्षेत्रगत व्यय अनुमानः-**

अब म आगामी आ.व. २०७९/०८० को कुल बजेट विनियोजनको क्षेत्रगत व्यय अनुमान संक्षिप्त रूपमा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

आर्थिक विकास क्षेत्र तर्फ **रु.४ करोड ३५ लाख २२ हजार १० रूपैया ०५ पैसा**, सामाजिक विकास क्षेत्र तर्फ **रु.२५ करोड २३ लाख १७ हजार ०९ सय ९९ रूपैया ९९ पैसा**, पूर्वाधार विकास क्षेत्र तर्फ **रु.१९ करोड ५८ लाख ११ हजार ०५ सय ७५ रूपैया ९९ पैसा**, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ **रु.७२ लाख ९९ हजार ०९ सय ९९ रूपैया ९७ पैसा**, संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र तर्फ **रु.१ करोड ५८ लाख ३४ हजार ०९ सय ९० रूपैया** र कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ **रु.१८ करोड ०१ लाख ७८ हजार ०४ सय २४ रूपैया** विनियोजन गरेकी छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**एवं सभा सदस्यज्यूहरू,**

२२. करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०७९ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०७९ स्वीकृतीको लागि यस सम्मानित सभामा पेश गरेकी छु ।

२३. **आगामी आ.व. २०७९/०८० का राजश्व नीतिः-**

अब म आर्थिक वर्ष २०७९/०८० का लागि राजश्व निति प्रस्तुत गर्न चाहन्छु ।

क) नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेको अधिकार क्षेत्र भित्र रही कूल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको व्यापक उपयोग गर्ने नीति लिएकी छु ।

ख) आन्तरिक राजश्वका दायरा विस्तार गरी राजश्व चुहावट नियन्त्रण गर्न सम्पूर्ण वडा कार्यालयहरूमा अनिवार्य रूपमा **राजश्व व्यवस्थापन प्रणाली (RMIS)** लागु गरी नियमित राजश्व बुझाउने करदातालाई पुरस्कृत तथा समयमा राजश्व नबुझाउने करदाताहरूलाई दण्डित गरिने व्यवस्था मिलाईने छ ।

ग) राजश्व सुधारका लागि राजश्व सुधार गुरूयोजना बनाई कार्यान्वयन गरिने छ ।

घ) रोडा, ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर, विज्ञापन कर, मनोरञ्जन कर आदिको दर तथा दायरा विज्ञ समूहबाट अध्ययन गराई राजश्व संकलनलाई थप प्रभावकारी बनाईने छ ।

ङ) गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण घरहरूको अभिलेखाङ्कन गर्न व्यवस्था गरिने छ ।

च) गाउँपालिका क्षेत्र भित्रका व्यापार व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यापार व्यवसायलाई करको दायरामा ल्याईने छ ।

२४. हामीले प्रस्तुत गरेका नीति तथा कार्यक्रम र बजेटबाट गाउँपालिकाबासीका आधारभुत आवश्यकताहरू परिपूर्ति गरी जीवनस्तर गुणात्मक सुधार हुँदै जाने, गाउँपालिकामा उपलब्ध सिमित स्रोत साधनको उच्चतम उपयोगबाट गाउँपालिकाबासीको आर्थिक उन्नतीमा टेवा पुग्ने र बञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरूको विकासमा मुलप्रवाहीकरण भई समावेशीताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएकी छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**
**एवं सभा सदस्यज्यूहरू,**

२५. उल्लेखित बजेट कार्यान्वयनको लागि समग्र सहभागितात्मक पद्धतीबाट बस्ती, गाउँ, टोल हुँदै गाउँ कार्यपालिकाबाट तय भएका अनुसूचीमा उल्लेखित आयोजना तथा कार्यक्रम र विनियोजित बजेट माथि छलफल तथा स्वीकृतिको लागि अनुरोध गर्दछु ।

२६. अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमाका क्रममा मार्गदर्शन गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरू, वडा अध्यक्षज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, गाउँपालिका कर्मचारी मित्रहरू, र नागरिक समाजका व्यक्तित्वज्यूहरू, पत्रकारज्यूहरू तथा सम्पूर्ण जानकी गाउँपालिकाबासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**हार्दिक धन्यवाद !**

**नमस्कार !**

..................................
लालमति देवी कठरिया
उपाध्यक्ष

२०७९ साल असार ०८ गते बुधबार ।